

# अध्याय -९

## अस्तव्यस्त वा भ्रमको चपेटामा परेको सहर

**यस अध्यायका मूल पदहरू: प्रकाश १७:१,२; प्रकाश १८:१-४; प्रकाश १७:४-६; मत्ती १६:१८; यर्मिया ५०:३३-३८ र भजन ११५:४-८।**



यस अध्यायको मूल सार पदः "तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्, र थुमाले तिनीहरूलाई जित्नुहुनेछ, किनकि उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।" प्रकाश १७:१४।

येशू र सैतानको बीचमा भइरहेको विवादीय महान् संग्रामलाई प्रकाशको पुस्तकले दुई स्त्रीहरूको प्रतिकले व्याख्या गरेको छः एउटा स्त्री सूर्यले पहिरेकी जुन प्रकाश १२मा छ र अर्को स्त्री रक्ताम्ये रातो वस्त्र लगाएकीको बारेमा प्रकाश १७मा दिएको छ। प्रकाश १२मा उल्लेख गरिएको सूर्य वस्त्र पहिरेकी स्त्री येशूको चकमकले ढाकिएको चित्रण अत्यन्तै उल्लखेनीय छ। उनी उनको सही र सकल प्रिय येशूप्रति बफादारी थिइन्। उनी विभिन्न भ्रामिक शिक्षादीक्षा, वाद, धर्मदर्शन वा बाइबलसँग सहमत नभएको सिद्धान्तको लसपसमा परेकी हुँदैन वा ती भ्रष्ट शिक्षामा लागेर आफूलाई प्रदुषित पार्दैन। बाइबलभरि शुद्ध, निर्मल र निश्चल स्त्रीको प्रतिक येशूकी दुलही भनेर

लेखिएको छ। अर्थात् सत्य चर्च जो परमेश्वरको वचनकोमात्र सत्यनिष्ठामा रहन्छ। सियोनकी छोरीहरू सुन्दरी स्त्री भनेर अगमवक्ता यर्मियाले यर्मिया ६:२मा खुलस्त पारेका छन्। सियोनकी छोरी भनेर प्रयोग गर्दा परमेश्वरका जनहरू पतिब्रत स्त्री हुन् भनेर अगमवक्ताले प्रयोग गर्छन्। यही विषय एफिसी ५:२५-३२ र होशे २:२०मा पनि पाइन्छ।

त्यसको ठिक बिपरित, अर्की स्त्री जो वेश्या र वा भ्रष्ट चरित्रकी छिन्। परमेश्वरसँगको मित्रता वा विश्वास त्यागेर सांसारिक जीवनमा व्यस्त हुने मानिसहरूलाई याकूबले खुलआमरूपमा व्यभिचारी भनेर यसरी उल्लेख गर्दछन्, " व्यभिचारी मानिस हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ।" याकूब ४:४।

यही सन्दर्भमा इस्राएली वा यहूदीहरूको विद्रोही चरित्र र परमेश्वरप्रति विश्वासघात गरेर चलेकोले अगमवक्ता इजकिएल यसरी बिलौना गर्छन्, “तँ व्यभिचारी पत्नी, आफ्नो लोग्नेको सट्टामा बिरानाहरूलाई रुचाउँछेस्!" इजकिएल १६:३२।

यस अध्यायमा ती दुई स्त्रीहरूको बारेमा अध्ययन गर्नेछौं। अझ भन्ने हो भने सत्य र असत्यको बीचमा भइरहेको द्वन्द्वको बारेमा अझ गहिरिएर अध्ययन गर्नेछौं।

## १. दुई विपरित प्रणालीहरू

**देहायका पदहरू पढ्नुहोस्। परमेश्वरको सत्य र बाइबलसम्मत चर्चको बारेमा कसरी वर्णन गरिएको छ। त्यसप्रति सैतानको प्रतिक्रिया के छ? हेर्नुहोस्ः** "**त**ब त्यो अजिङ्गर त्यस स्त्रीसँग क्रोधित भयो, र त्यसका बाँकी सन्तानसँग युद्ध गर्न गयो‘ अर्थात् तिनीहरूसँग, जुनहरूले परमेश्वरका आज्ञाहरू पालन गर्दछन्, र येशूको गवाही दिन्छ।" प्रकाश १२:१७ र "तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्, र थुमाले तिनीहरूलाई जित्नुहुनेछ, किनकि उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।”

शताव्दीयौंको इतिहासमा परमेश्वरप्रति बफादार हुने भक्तहरू जहिले पनि भइरहेको पाइएकोछ। ती भक्तहरूको चरित्र प्रकाश १२:१७मा वर्णन गरिएको छ। तिनीहरू परमेश्वरका आज्ञाहरू वा दश आज्ञाहरूप्रति बफादार

हुन्छ र तिनीहरू बोलाइएका, चुनिएका र विश्‍वासपात्रहरू हुन् भनेर चित्रण गरिएको छ (प्रकाश १७:१४)।

**देहायका पदहरूमा स्वर्गदूतले गम्भिर घोषणा गरेको पढ्नुहोस्, र त्यस घोषणाको प्रतिवाद गर्न बेबिलोन वा भ्रष्ट चर्चले के गरेको थियो? हेर्नुहोस्: "अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" प्रकाश १४:८ र "१ ती सात कचौरा लिने सात स्वर्गदूतहरूमध्ये एक जनाले मकहाँ आएर मलाई भने, "यता आऊ, म तिमीलाई धेरै पानीहरूमा बसेकी त्यस महा वेश्यालाई दिइएको इन्साफ देखाउनेछु। २ त्यससँग पृथ्वीका राजाहरूले व्यभिचार गरेका छन्, र पृथ्वीका बासिन्दाहरू त्यसका व्यभिचारको मद्यले मातेका छन्। प्रकाश १७:१-२।**

प्रथम् शताब्दीको अन्त्यतिर यूहन्नाले प्रकाशको पुस्तक लेखेका थिए। यसबेला पौराणिक सहर बेबिलोन (आधुनिक इराक) धुलो र भग्नावेसको थुप्रो भएको थियो। जब यूहन्नाले प्रकाशको पुस्तकमा बेबिलोनलाई सम्बोधन गरेर लेखेका थिए, त्यसबेला ऐतिहासिक बेबिलोन धेरै शताब्दी पहिले ध्वस्त भइसकेको थियो।

पौराणिक सहर बेबिलोन प्रकाशको पुस्तकले प्रतिक, चिन्ह वा अन्तिम युगको बेबिलोनको रूपमा चित्रण गरिएको छ। प्रकाशको पुस्तकमा लेखिएको भविष्यवाणीमा बेबिलोनले गलत धार्मिक प्रणालीको प्रतिनिधित्व गर्दछ। पुरानो करारमा वर्णन गरिएको बेबिलोन मूर्तिपूजक थियो र मानव निर्मित धर्म र दर्शनहरूको थलो थियो। यूहन्नाले लेखेका बेबिलोन सहरको चरित्र पनि गलत र भ्रमात्मक धार्मिक प्रणालीको हुनेछ भनिएको छ। जुन नीतिले पौराणिक बेबिलोन चलेको थियो त्यही खालको परिमार्जित आधुनिक र आत्मिक बेबिलोन सहर वा धार्मिक प्रणालीको संरचना हुनेछ।

प्रकाश १७:१-६को स्त्रीलाई यसरी वर्णन गरिएको छ, "१ ती सात कचौरा लिने सात स्वर्गदूतहरूमध्ये एक जनाले मकहाँ आएर मलाई भने, "यता आऊ, म तिमीलाई धेरै पानीहरूमा बसेकी त्यस महा वेश्यालाई दिइएको इन्साफ देखाउनेछु। २ त्यससँग पृथ्वीका राजाहरूले व्यभिचार गरेका छन्, र पृथ्वीका बासिन्दाहरू त्यसका व्यभिचारको मद्यले मातेका छन्। ३ अनि तिनले मलाई आत्मामा बोकेर एउटा उजाड-स्थानभित्र लगे। त्यहाँ सात वटा शिर र दश वटा सीङ भएको ईश्‍वर-निन्दाका नाउँहरूले भरिपूर्ण भएको चहकिलो रातो

रङ्गको पशुमाथि बसेकी एउटी स्त्रीलाई मैले देखें। ४ त्यस स्त्रीले बैजनी र चहकिलो रातो लुगा लाएकी थिई, अनि त्यो सुन, रत्न र मोतीहरूले सिङ्गारिएकी थिई, र घिनलाग्दा कुरा, अर्थात् त्यसका व्यभिचारका अशुद्ध कुराहरूले भरिएको एउटा सुनको प्याला हातमा लिएकी थिई। ५ त्यसको निधारमा एउटा नाउँ लेखिएको थियोः रहस्य पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा महान् बेबिलोन। ६ अनि मैले त्यस स्त्रीलाई सन्तहरूको रगत र येशूका शहीदहरूको रगत पिएर मातेकी देखें। त्यसलाई देखेर म साह्रै अचम्मित भएँ।" समयको परिधीहरूमा त्यस स्त्री घुम्नेछिन्। यो स्त्री रातो रङ्गको पशुमाथि चढ्छिन्। बाइबलले सरासर त्यसलाई वेश्या भनेर सम्बोधन गर्दछ। उनले उनको सही प्रिय येशू ख्रीष्टलाई त्यागेकी छिन्। यहाँ प्रेरित यूहन्नाले भ्रष्ट धर्मको प्रणालीलाई ज्वलन्त चित्रण गरेका छन्। त्यस भ्रष्ट धार्मिक समूहले सारा संसारलाई शक्तिशाली प्रभाव पारेको छ। त्यहाँ लेखिएका शब्दहरू हेर्नुहोस्ः यस स्त्री वा शक्तिसँग "पृथ्वीका राजाहरूले व्यभिचार गरेका छन्, र पृथ्वीका बासिन्दाहरू त्यसका व्यभिचारको मद्यले मातेका छन्।" प्रकाश १७:२। रक्सील मात्तिएको? यो कथन बाइबलमा जहिले पनि नकारात्मक स्वभावको चित्रण हो। वेश्यावृत्ति वा व्यभिचार? यो मूर्तिपूजा, गलत शिक्षादीक्षा, गलत धार्मिक प्रणाली र बाइबलसँग बाझिने व्यवहार हो।

**दुवै राजनैतिक, धार्मिक अगुवाहरू र सर्बसाधारण मानिसहरू त्यस शक्तिको नकारात्मक प्रभावमा परेका छन्। त्यसबाट जोगिन केवल के उपाय छ? हेर्नुहोस्, "१० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। १४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। १८**

सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।" एफिसी ६:१०-१८।

## २. क्रोधको मद्य

बेबिलोन वा गलत र भ्रामिक धार्मिक प्रणालीको प्रभाव कतिसम्म रहेछ, हेर्नोस्, "१ ती सात कचौरा लिने सात स्वर्गदूतहरूमध्ये एक जनाले मकहाँ आएर मलाई भने, "यता आऊ, म तिमीलाई धेरै पानीहरूमा बसेकी त्यस महा वेश्यालाई दिइएको इन्साफ देखाउनेछु। २ त्यससँग पृथ्वीका राजाहरूले व्यभिचार गरेका छन्, र पृथ्वीका बासिन्दाहरू त्यसका व्यभिचारको मद्यले मातेका छन्।...१५ ती स्वर्गदूतले मलाई भने, "तिमीले देखेका ती पानीहरू, जहाँ त्यो वेश्या बसेकी छे, तीचाहिँ मानिसहरू, भीड़हरू, जातिहरू र भाषाहरू हुन्।" प्रकाश १७:१,२,१५ र "१ यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। तिनको वैभवले पृथ्वी उज्यालो भयो। २ तिनले यसो भनेर शक्तिशाली सोरले कराएः "महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ। ३ किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू त्यसको विलासिताको प्रभावले धनी भएका छन्।" ४ तब मैले स्वर्गबाट यसो भनिरहेको अर्को आवाज सुनें: "हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ, नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुनेछौ, र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौ।"प्रकाश १८:१-४।

पतित र बाइबलको शुद्ध शिक्षाबाट भ्रष्ट भएको चर्चको सञ्जाल अन्तराष्ट्रिय क्षेत्रमा व्यापक हुन्छ। यसले बाइबलको विरुद्धमा छली झुटमुट शिक्षा र दर्शनहरू घुसाएर संसारका सबै मानिसहरूले प्रभावित पार्दछ। सबै राष्ट्र, कुल, भाषा र मानिसहरूलाई सुसमाचार सुनाउने अभियानप्रति सैतान रिसले जुरमुरिएको छ। सैतान चाहन्न कि राज्यको सुसमाचार सबै संसारको कुनाकाप्चामा प्रचार गरियोस्। त्यसकारण उसले यस पृथ्वीमा रहेको समस्त मानव प्राणीलाई आफ्ना जालमा पार्न सकेसम्म सबै खालका छलहरूलाई प्रयोग गर्दछ। (प्रकाश १४:६, मत्ती २४:१४, प्रकाश १७:२)।

प्रकाश १७:२मा पतित चर्चलाई नाटकियरूपमा चित्रण गरेको छ, "त्यससँग पृथ्वीका राजाहरूले व्यभिचार गरेका छन्, र पृथ्वीका बासिन्दाहरू

त्यसका व्यभिचारको मद्यले मातेका छन्।" अङ्गुरको शुद्ध रस नयाँ करारभरि येशूको शुद्ध र निर्मल रगतको प्रतिक भनेर मानिएको छ। यो हाम्रो मुक्तिको निम्ति क्रुसमा उहाँले बगाइएको थियो (मत्ती २६:२७-२९) लूका २२:२० मा येशूले भन्नुभएको छ, "यो कचौरा नयाँ करारको मेरो रगत हो।" जब सुसमाचारको शुद्ध र निर्मल रसलाई बँग्याउँछ र परमेश्वरको वचनलाई मानव धार्मिक अगुवाहरूका शिक्षादीक्षालाई मिसाउँछन् वा बाइबलको बिकल्पमा तिनीहरूलाई प्रयोग गर्छन् तब त्यो रस "बेबिलोनको मद्य हुन जान्छ।" यस विषयमा येशूले नै यशैयाको पुस्तकमा लेखेको वचन उतार्दै भन्नुहुन्छ, "८ 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मबाट टाढ़ा छ। ९ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्÷।" मत्ती १५:८-९।

परमेश्वरले उहाँका जनहरूलाई बेबिलोनबाट निस्कनु भनेर आह्वान गरेको पनि हामीले ध्यान दिनुपर्दछ। त्यसको अर्थ त्यो धार्मिक समूह जतिसुकै भ्रष्ट भएतापनि र दुष्ट खराब पद्धतिमा वा नीतिमा चलेतापनि त्यहाँ परमेश्वरका जनहरू छन्। तिनीहरूलाई कमसेकम केही समयको निम्ति "मेरा जनहरू" (प्रकाश १८:४) भनेर सम्बोधन गर्नुहुन्छ। त्यहाँ परमेश्वरप्रति बफादारी भएर बसेका हुन्छन् सायद दविएका होलान् वा लुकिएका होलान्। समय आउँदैछ जब परमेश्वरले तिनीहरूलाई त्यस भ्रष्ट र दुष्ट गतिविधिको धार्मिक पद्धतिबाट निकाल्नुहुनेछ। किनभने त्यो चर्च प्रणाली " महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ।" प्रकाश १८:२। यस सहरको पतन हुने निश्चित छ।

**परमेश्वरले सम्बोधन गर्नुभएको "मेरा जनहरू" जो उहाँका भक्तहरू हुन् जो बेबिलोनमा छन्, त्यहाँबाट तिनीहरूलाई बाहिर निकाल्न तीन स्वर्गदूतहरूको सन्देश घोषणा गर्ने जनहरूको उत्तरदायित्व के छ?**

## ३. रहस्यमय, महान् बेबिलोन

**दुष्ट र खराब तत्व वा शक्तिले शासन गऱ्यो भने के हुनेरहेछ भनेर देहायका पदहरूले कसरी हामीलाई सिकाउँछन्? "४ त्यस स्त्रीले बैजनी र चहकिलो रातो लुगा लाएकी थिई, अनि त्यो सुन, रत्न र मोतीहरूले सिङ्गारिएकी थिई, र घिनलाग्दा कुरा, अर्थात् त्यसका व्यभिचारका अशुद्ध कुराहरूले भरिएको एउटा सुनको प्याला हातमा लिएकी थिई। ५ त्यसको निधारमा एउटा नाउँ**

**लेखिएको थियोः रहस्य पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा महान् बेबिलोन। ६ अनि मैले त्यस स्त्रीलाई सन्तहरूको रगत र येशूका शहीदहरूको रगत पिएर मातेकी देखें। त्यसलाई देखेर म साह्है अचम्मित भएँ।" प्रकाश १७:४-६।**

इसाई चर्चमै भ्रष्ट धार्मिक शिक्षादीक्षा घुसाउने भ्रष्ट चर्च प्रणाली प्रकाश १७ले औँल्याउँछ। पौराणिक बेबिलोनका धेरैजसो शिक्षादीक्षाहरू चर्चमै घुसाएको थियो।

"बेबिलोनको स्वभाव कस्तो थियो भनेर बुझ्न बाइबलमा बेबिलोनको बारेमा पहिलो पल्ट सम्बोधन गरेको खोजेर हेर्नुपर्छ। यो उत्पत्तिकै किताबमा छ। बेबिलोनको कुरा शिनारको चौरबाट सुरु भएको छ। यो चौर मेसोपोटामियाको दक्षिण भागमा छ। आज त्यो क्षेत्र इराकको दक्षिण भागमा छ। त्यो भागलाई बेबिलोनिया भनिन्छ। त्यहाँ नै बाबेलको धरहराको निर्माण भएको थियो। मानिस आफै सुरक्षित हुन खोज्ने, आफ्नै पर्याप्त छ र परमेश्वरको आवश्यक छैन भन्ने धारणा त्यहीँबाट सुरु भएको थियो (उत्पत्ति ११:१-४)।" आन्जल मान्युयल रोड्रिगे, *"क्लोजिङ्ग अभ द कस्मिक कन्फ्लिक्टः रोल अभ द थ्री आन्जलस् मेसेजेज," अप्रकाशित लेख* पृ. ४३।

परमेश्वरको वचनलाई सिधै चुनौति दिँदै बाबेलको धरहराको निर्माण भएको थियो। बाबेलका निर्माणकर्ताहरू आफ्नै महिमा, गौरब, मानव खुबी र इज्जत राख्न धरहरा बनाउन खोजेका थिए। तर परमेश्वरले तिनीहरूको भाषामा अलल ल्याइदिनुभयो। त्यसको बारेमा बाइबलले यसरी लेखिएको छ, "यसकारण त्यसको नाउँ बाबेल राखियो, किनभने परमप्रभुले त्यहीं नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो। त्यहींबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो।" उत्पत्ति ११:९।

बेबिलोनिय सभ्यता यस्तो खराब थियो कि तिनीहरू "सन्तहरूको रगत र येशूका शहीदहरूको रगत पिएर मातेकी देखें।" प्रकाश १७:६। भ्रष्ट बेबिलोनीय धार्मिक पद्धति भयानक र रक्त पिपासु छ। त्यसबारे यशैयाद्वारा परमेश्वरले यो पोखाउनुहुन्छ, "तँलाई अत्याचार गर्नेहरूलाई म तिनीहरूको आफ्नै मासु खान लगाउनेछु। दाखमद्यले मातेझैं तिनीहरू आफ्नै रगतले मात्नेछन्। तब सारा मानिस-जातिले यो कुरा थाहा पाउनेछन्, कि म, परमप्रभु तेरा उद्धारक, मोल तिरेर तँलाई छुटाउने याकूबको शक्तिशाली जन हुँ।" यशैया ४९:२६।

सारांशमा भन्नुपर्दा भ्रष्ट आत्मिक बेबिलोनीय धर्म मानिसका शिक्षादीक्षा र धारणाहरूमा आधारित छ र यसलाई मानवीय परम्पराले सहयोग गरेको हुन्छ। यथार्थमा भन्ने हो भने यो मानिसले नै आविश्कार गरेको धर्म हो। त्यसका प्रवर्तक वा अगुवाहरू भयानक विलक्षण वा जान्ने हुन्छन् तर सुमाचारको शक्ति र येशूले निर्माण गर्नु भएको चर्चको विरोधमा त्यो धर्म थामिएको हुन्छ। येशूको चर्च प्रेमा स्थापित भएको हो, हिँसामा होइन।

प्रकाशको पुस्तक दुई खालका धार्मिक पद्धतिहरूको वर्णन गरिएको छ। पहिलोचाहिँ येशूमा पूरै भरोसा र परमेश्वरको वचनमा आधारित छ। दोस्रोमा मानवीय अधिकारमा आधारित र भरोसाको उपज हो। यसले परमेश्वरलाई भन्दा मानवीय गुरुहरूमाथि भरपर्दछ। एउटा पद्धति येशूमा केन्द्रित विश्वासमा छ।यसले ख्रीष्टको अनुग्रह, त्याग वा बलिदान र मुक्तिको निम्ति प्रायश्चितमा भरपर्दछ। अर्कोचाहिँ मानवीय विश्वासतिर अग्रसर गराउँछ। यसले मुक्तिको निम्ति ख्रीष्टमाथि भर पर्नुपर्ने धारणालाई पन्छाउँछ बरु चर्चका विभिन्न परम्परा र विधिहरूमा मुक्ति पाइन्छ भन्ने धारणा सिकाउँछ।

**बेबिलोनको चलाखीपूर्ण प्रभावबाट हामी कसरी जोगिने? परमेश्वरमा पूरा भरोसा नराखि आफ्नै धार्मिक क्रियाकलापमा भरपर्ने मानविय मनस्थितिबाट हामी कसरी जोगिने?**

## ४. समर्पणको निम्ति आह्वान

कुनै आनकानी नगरिकन तुरन्तै परमेश्वरमा आफ्नो जीवन समर्पण गर्नुपर्छ भन्ने आह्वान प्रकाशको पुस्तकले दिएको छ। त्यस आह्वानलाई प्रकाशको पुस्तकमा दुई स्त्रीहरूको प्रतिक दिएर निचोढमा वर्णन गरिएको छ। हुन त सत्य र असत्यको बीचमा भइरहेको महान् संग्राममा कहिलेकाहीं परमेश्वरका जनहरू हारिएको देखिएतापनि अन्तमा आएर उहाँको चर्चले विजय पाउनेछ भन्ने परमेश्वरको प्रतिज्ञा छ।

**उहाँको चर्च वा उहाँका भक्तजनहरूको निम्ति येशूले के प्रतिज्ञा गर्नुभएको छ जुन येशूले उहाँका चेलाहरूलाई मत्ती १६:१८ मा सुनाउनुभएको थियो? हेर्नुहोस्, "म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ। म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्।" अब प्रकाश १७:१४ पनि पढ्नुहोस्, "तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्,**

**र थुमाले तिनीहरूलाई जित्नुहुनेछ, किनकि उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।"**

खीष्ट मजबुत वा ठोस जग हो जसमाथि उहाँको चर्च निर्माण भएको छ। उहाँको चर्च उहाँका शिक्षादीक्षाहरूमा र उहाँको पवित्र आत्मामा आधारित छ। त्यसको विपरित बेबिलोनको शिक्षादीक्षा मानव दर्शन, वाद, तर्क र शिक्षा र परम्परामा आधारित छन्। कुनै पनि धार्मिक शिक्षादीक्षा, विधि, चलन, संस्कार परमेश्वरको वचनको ठाउँमा लिन्छ भने त्यसले मानिसहरूलाई अलमल पार्ने बेबिलोनीय धर्मको उत्थानको निम्ति जागरुत भएको हुन्छ। कुनै पनि विद्या बाइबल सम्मत छैन भने त्यसले परमेश्वरको वचनलाई कुल्चिरहेको प्रमाणित गर्दछ।

पौराणिक बेबिलोनमा चर्च र राज्य वा धर्म र सरकारका नीतिहरू एउटै थिए। जब राजा नेबुकदनेजार उनको मन्दिरको राजकीय सिंहासनमा बसे, तब उनले बोलेका कुराहरू देवीदेवताहरूको निम्ति बोलेका थिए भनेर मानिसहरूले मान्नुपर्दथ्यो। एक पल्ट सृष्टिकर्ता परमेश्वरको विरुद्धमा खुला चुनौति दिँदै उनले एउटा अल्गो सुनको मूर्ति बनाएका थिए र सबै मानिसहरूलाई त्यसलाई ढोग्नुपर्छ भनेर अध्यादेश जारी गरेका थिए। त्यो मूर्ति बिशाल टुँडुखेलमा उभ्याइएको थियो र सबैले त्यसको अगाडि ढोग्नुपर्छ भनेर कडा आज्ञा दिएका थिए। त्यो मानव निर्मित धर्म थियो र त्यसलाई निरन्तरता दिन उनले परम्परा बसाल्न चाहेका थिए। तर तीन जना यहूदीहरूले त्यसलाई ढोग्न अस्वीकार गर्दा तिनीहरूलाई आगोको भट्टीमा हुट्याइ दिएका थिए (दानिएल ३)। मानव धर्म दर्शनले स्थापना गरेको झुटो देवताको मूर्तिलाई ढोग्न परमेश्वरका जनहरूलाई पनि जबरजस्ती गर्नेछन् र नढोग्नेको विश्वासी जनहरूको हालत पनि त्यस्तै हुनेछ भनेर राजा नेबुकद्नेजारको चर्तिकलाले देखाउँदछ।

पृथ्वीको इतिहासको अन्तिम दिनहरूमा इसाई चर्च र राज्य संरचना एक हुनेछ। त्यसले आत्मिक बेबिलोनको सृजना गर्नेछ। सरकारसँग मिलेरनै इसाई धार्मिक नेताले आफ्नो धार्मिक सिद्धान्तको प्रवचनहरूले मानिसहरूलाई आकर्षित गर्नेछ। उनले परमेश्वरबाट आएको सन्देश दिँदैछौं भनेर दावी गर्नेछ। इसाई धर्मलाई नै बाजी राखेर उसले बोल्दा उसको वचन परमेश्वरको हो भनेर घोषणा गर्नेछ र उसका आदेशहरू परमेश्वरकै आदेशहरू हुन् भनेर

पनि मानिसहरूलाई उचाल्नेछ। शताब्दीयौँदेखि रोमन क्याथोलिक चर्चका धर्मगुरु पोपहरूले यस संसारमा आफूहरू परमेश्वरको ठाउँ लिएका छन् भनेर घोषणा गरेका थिए र गरिनै रहनेछन्। रोमन क्याथोलिक चर्चलाई दिएको जुन २०,१८९४को पत्रमा पोप लियो तेऱ्हौंले यसरी खुलेयाम तरिकाले घोषणा गरेका थिए, "यस पृथ्वीमा हामी सर्वशक्तिमान परमेश्वरको ठाउँ लिइरहेका छौं।" फरारिक इक्लजियास्टिकल डिशनेरीमा यसरी थपिएको छ, "पोपको महिमा अत्यन्त महान् छ। उनी केवल मानिस हो भनेर माथि उचालिएको छैन, तर उहाँ परमेश्वर जत्तिक्कै हुनुहुन्छ, मानौं उहाँ परमेश्वरनै हुनुहुन्छ। उहाँ यस पृथ्वीमा परमेश्वरको प्रतिनिधी वा पुरोहित हुनुहुन्छ।" परमेश्वरको अस्तित्व र गरिमालाई चुनौति दिने यस खालको इसाई भनाउँदा धार्मिक नेताको यसरी भन्डाफोर गर्दछन्, "त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ।" २ थेसलोनिकी २:४।

**बेबिलोन वा बाइबल सम्मत नचल्ने चर्चहरूमा पनि परमेश्वरका विश्वासी जनहरू छन् भनेर हामीले सिकेको परिप्रेक्ष्यमा त्यसको बारेमा चर्चा गर्दा हामी कसरी होशियार हुनुपर्छ? हामीले व्यक्तिगत मानिसलाई होइन तर प्रणालीको विरोधमा आवाज उठाउन किन जरुरी छ?**

## ५. बेबिलोनः मूर्तिपूजाको केन्द्रबिन्दु

"रहस्यमय महान् बेबिलोनको" स्पष्ट पहिचान अर्को पनि छ। बेबिलोनीय राज्यको धार्मिक संरचनाको मुटु नै मूर्तिपूजा थियो।

**देहायका पदहरू पढ्नुहोस्। ती पदहरूमा पौराणिक बेबिलोनको धर्म संस्कार नै मूर्तिपूजा थियो। त्यसप्रति परमेश्वरको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्, "३३ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः "इस्राएलीहरू अत्याचारमा परेका छन्, र तिनका साथमा यहूदाका मानिसहरू पनि। तिनीहरूलाई कैद गरेर लाने सबैले तिमीहरूलाई बलियो गरी समातिराखेका छन्। उनीहरू तिनीहरूलाई छोड़िदिन इन्कार गर्छन्। ३४ तापनि तिनीहरूका उद्धारक सामर्थी हुनुहुन्छ। उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो। उहाँले सामर्थ्यसाथ तिनीहरूको रक्षा गर्नुहुनेछ, ताकि उहाँले तिनीहरूको देशमा विश्राम ल्याउन सकून्। तर उहाँले बेबिलोनमा बस्नेहरूलाई चाहिँ बेचैनमा पार्नुहुनेछ।" ३५ परमप्रभु भन्नुहुन्छ,**

“बेबिलोनीहरूका विरुद्धमा एउटा तरवार परेको छ, बेबिलोनमा बस्नेहरू,
त्यसका पदाधिकारीहरू र बुद्धिमान्हरूमाथि पनि! ३६ त्यसका झूटा
अगमवक्ताहरूमाथि पनि एउटा तरवार चलेको छ! तिनीहरू मूर्ख हुनेछन्।
त्यसका योद्धाहरूमाथि पनि तरवार परेको छ! तिनीहरू त्रासले भरिनेछन्। ३७
त्यसका घोड़ाहरू र रथहरू र त्यसका बीचमा भएका सारा विदेशी फौजहरूका
विरुद्धमा तरवार परेको छ! तिनीहरू स्त्रीहरूझैं हुनेछन्। ती लुटिऊन् भनेर
तरवार त्यसका धनको विरुद्धमा परेको छ! ३८ त्यसका पानी सुकिजाओस् भनेर
खड़ेरी परेको छ। किनकि त्यो मूर्तिहरूको देश हो, र त्यसका देवताहरू डरले
पागल हुनेछन्।" यर्मिया ५०:३३-३८ र "१७ “हरेक मानिस बुद्धिहीन र
ज्ञानरहित छ। हरेक सुनार त्यसका मूर्तिहरूद्वारा नै लाजमा पर्छ। त्यसका
प्रतिमाहरू झूटा छन्, तिनमा सास हुँदैन। १८ ती व्यर्थका हुन्, ठट्टाका पात्र
मात्र। तिनीहरूको न्याय हुँदा ती नष्ट हुनेछन्। १९ उहाँ, जो याकूबका हिस्सा
हुनुहुन्छ, यीजस्ता हुनुहुन्न, किनकि उहाँ नै आफ्नो निज उत्तराधिकारको
कुलसमेत सारा थोकहरू बनाउने हुनुहुन्छ। सर्वशक्तिमान् परमप्रभु उहाँको नाउँ
हो।...४५ “हे मेरा प्रजा, त्यसबाट निस्केर आओ। हरेक आ-आफ्नो ज्यान
जोगाउनलाई भाग। परमप्रभुको भयानक रीसदेखि भाग। ४६ देशमा केही
हल्ला सुन्दा हतोत्साहित नहोओ अथवा नडराओ। यस वर्षमा एक किसिमको
होहल्ला, अनि अर्को वर्षमा अर्को किसिमको होहल्ला, देशमा उपद्रव र शासकको
विरुद्धमा शासक उठेको होहल्ला। ४७ किनकि यस्तो बेला निश्चय नै आउँछ,
जब म बेबिलोनका मूर्तिहरूलाई दण्ड दिनेछु। त्यसको सारा देश लाजमा
पारिनेछ, र त्यसका मारिएका सबै त्यसकै बीचमा मारिनेछन्। ४८ तब स्वर्ग र
पृथ्वी र तिनमा भएका सबैले बेबिलोनको हारमा आनन्दले चिच्च्याउनेछन्,
किनकि सर्वनाश गर्नेहरू उत्तर दिशाबाट त्यसको विरुद्धमा आउनेछन्,” परमप्रभु
भन्नुहुन्छ। ४९ “बेबिलोनको कारणले पृथ्वीमा मारिएकाहरू ढलेझैं इस्राएलका
मारिएकाहरूको कारण बेबिलोन ढल्नैपर्छ। ५० तिमीहरू, जो तरवारबाट
उम्केका छौ, जाओ र नअड़िओ। टाढ़ाको देशमा परमप्रभुलाई सम्झना गर,
यरूशलेमको बारेमा विचार गर।” ५१ “हामीहरू लाजमा पारिएका छौं, किनकि
हामीले गाली पाएका छौं। लाजले हाम्रो मुख ढाकेको छ, किनभने परमप्रभुको
घरका पवित्र ठाउँहरूमा विदेशीहरू प्रवेश गरेका छन्।” ५२ “तर यस्ता
दिनहरू आउँदैछन्,” परमप्रभु भन्नुहुन्छ, “जब म त्यसका मूर्तिहरूलाई दण्ड
दिनेछु, र त्यसको देशभरि नै घाइतेहरूको क्रन्दन सुनिनेछ। ५३ उँभो
स्वर्गसम्म बेबिलोन उक्ले तापनि र आफ्नो अल्गा-अल्गा गढ़ीहरू बलिया पारे

तापनि, त्यसको विरुद्धमा सर्वनाश गर्नेहरू म पठाउनेछु," परमप्रभु भन्नुहुन्छ। ५४ "बेबिलोनबाट विलापको आवाज निस्किन्छ! बेबिलोनीहरूको देशबाट रुवाइको सोर निस्कन्छ, ठूलो सर्वनाशको आवाज! ५५ परमप्रभुले बेबिलोनलाई सर्वनाश गर्नुहुनेछ, र त्यसको ठूलो हल्लालाई उहाँले दमन गर्नुहुनेछ। त्यसका शत्रुहरूका छालहरू समुद्रका ठूला-ठूला पानीझैं गर्जनेछन्। उनीहरूका गर्जनको प्रतिध्वनि हुनेछ। ५६ सर्वनाश गर्ने बेबिलोनको विरुद्धमा आउनेछ, त्यसका योद्धाहरू पक्राउ पर्नेछन्, र तिनीहरूका धनु टुक्रा-टुक्रा पारिनेछन्, किनकि परमप्रभु बदला लिने परमेश्वर हुनुहुन्छ। उहाँले पूरै प्रतिफल दिनुहुनेछ। ५७ म त्यसका पदाधिकारीहरू र बुद्धिमान् मानिसहरूलाई, त्यसका राज्यपाल र अधिकृतहरूलाई र योद्धाहरूलाई पनि मतवाला बनाउनेछु। तिनीहरू सदाको निम्ति निदाउनेछन्, र बिउँझनेछैनन्," महाराजा, जसको नाउँ सर्वशक्तिमान् परमप्रभु हो, उहाँ भन्नुहुन्छ। ५८ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "बेबिलोनको चौड़ा पर्खाल सम्म पारिनेछ, र त्यसका अग्ला मूल ढोकाहरू आगोले जलाइनेछन्। मानिसहरू व्यर्थमा आफूलाई थकित तुल्याउँछन्। जातिजातिका परिश्रम ज्वालाको निम्ति इन्धन मात्र हुन्छन्।" ५९ महसेयाहका नाति, नेरियाहका छोरा सरायाह जो राजभवनका मुख्य अधिकृत थिए, जो यहूदाका राजा सिदकियाहका राजकालको चौथो वर्षमा राजासँगै बेबिलोनमा गएका थिए, त्यस बेला तिनलाई यर्मियाले दिएको सन्देश यही हो। ६० बेबिलोनमा आइपर्ने सबै सर्वनाशको विषयका कुरा यर्मियाले एउटा पत्रको मुट्ठोमा लेखेका थिए— बेबिलोनको बारेमा लेखिएका सबै कुरा। ६१ तिनले सरायाहलाई भने, "जब तिमी बेबिलोनमा पुग्छौ तब यी सबै कुरा तिमीले चर्को गरी पढ्नू, ६२ र भन्नू, 'हे परमप्रभु, तपाईंले यस ठाउँलाई सर्वनाश गर्छु भनी भन्नुभएको छ, यतिसम्म कि मानिस वा पशु कोही पनि यसमा वास गर्नेछैन। यो सदाको निम्ति उजाड़ पारिनेछ÷। ६३ यो पत्रको मुट्ठो पढ़िसकेपछि यसलाई एउटा ढुङ्गामा बाँधेर यूफ्रेटिस नदीमा फालिदेऊ। ६४ तब यसो भन, 'मैले त्यसमाथि ल्याउने सर्वनाशको कारण बेबिलोन यसरी नै फेरि कहिल्यै नउठ्ने गरी डुब्नेछ। र त्यसका मानिसहरू लोट्नेछन्÷।" यर्मियाका वचनहरू यहीं सकिन्छ।" यर्मिया ५१:१७-१९,४५-६४।

मिड र पर्सिया वा माडी र फारसीहरूले बेबिलोनको बिनाश गर्नेछ भनेर यर्मिया ५०,५१मा भविष्यवाणी गरिएको छ। तिनीहरूको बिनाश हुनुको एउटा प्रमुख कारण नै तिनीहरूको मूर्तिपुजा गर्ने धर्म र संस्कार थियो। तिनीहरूले पूजा गरेका विभिन्न मूर्तिहरू साँचिकै तिनीहरूको देवी र देवताहरूका

प्रतिमाहरू हुन् भनेर बेबिलोन सभ्यताका मानिसहरूले विश्वास गर्दथे। विभिन्न परम्परा र धार्मिक विधिविधानहरू पवित्र छन् भनेर बेबिलोनको धार्मिक परम्पराले सिकाएको थियो; विभिन्न मन्दिरहरूमा भएका मूर्तिहरूमा तिनीहरूका देविदेवताहरू बास गर्छन् भनेर तिनीहरूले विश्वास गर्दथे। प्रकृतिका विभिन्न शक्तिहरू देवीदेवताहरू हुन् भनेर पनि तिनीहरूले विश्वास गर्दथे। यदि कसैले ती देवीदेवताहरूको मूर्तिलाई बिगार्‍यो वा अङ्गभङ्ग गर्‍यो भने त्यो गर्ने मानिसलाई त्यस देवीदेवताको सुरक्षा गुमाउँछ भनेर विश्वास गर्दथे। उदाहरणमा, कल्दीहरूको राजकुमार मार्दुक-आप्ला-इडिनादोस्रो मेसोपोटामियाको जङ्गलमा भागेका थिए। त्यसबेला उनले बेबिलोन देवताका मूर्तिहरू लिएर गएका थिए। असेरियाको सम्राट् सेनहेरिबका फौजहरूले उनलाई बचाउन् भनेर उनले त्यसो गरेका थिए। (जेन आर. मेकइन्टोश, आन्सियन्ट मेसोपोटामियः न्यु पर्सपेक्टिभ, एबिसी-क्लिओ, (सान्ता बारबारा, क्यालिफोर्नीया, २००५) पृ. २०३।

बाइबलका अगमवक्ताहरूले ती अजिब मूर्तिहरूलाई पूजा गर्नु सृष्टिकर्ता परमेश्वरको बिपरित छ भनेर दावी गरेका थिए। ती मूर्तिहरूमा जीवन छैन तर सृष्टिकर्ता परमेश्वर जीवित र जीवन दिनुहुन्छ भनेर तिनीहरूले सिकाएका थिए (यर्मिया ५१:१५,१६,१९)।

**मूर्तिपूजाको बारेमा देहायका पदहरू के सिकाउँछन्? हेर्नुहोस्, "४ “आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। ५ तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु, ६ तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं पुस्तामाथि म कृपा गर्नेछु।" प्रस्थान २०:४-६ र "४ तर तिनीहरूका मूर्तिहरू मानिसहरूका हातले कुँदिएका, सुन र चाँदीका कलाहरू मात्र हुन्। ५ तिनीहरूका मुख छन्, तर बोल्न सक्दैनन्। आँखा छन्, तर देख्न सक्दैनन्। ६ कान छन्, तर सुन्न सक्दैनन्। नाक छन्, तर सुँघ्न सक्दैनन्। ७ हात छन्, तर छाम्न सक्दैनन्। खुट्टा छन्, तर हिंड्न सक्दैनन्। तिनीहरू आफ्ना गलाबाट कुनै आवाजै निकाल्न सक्दैनन्। ८ तिनीहरूलाई बनाउनेहरू पनि तिनीहरूजस्तै हुनेछन्। र तिनीहरूमाथि भरोसा राख्नेहरू पनि सबै उस्तै हुनेछन्।" भजनसंग्रह ११५:४-८।**

एउटा कुरा हामीले ख्याल गर्नु जरुरी छ। धार्मिक बेबिलोनको मूर्तिपूजा परम्परा वा संस्कार काठ, ढुङ्गा, सुन, चाँदीका मूर्तिहरूलाई ढोग्नेमात्र होइन। यद्यपि, वर्तमान आत्मिक बेबिलोन वा बाइबल सम्मत नभएको इसाई सम्प्रदाय पौराणिक बेबिलोनसँग मिल्दछ किनकि यसले आफ्नो आराधना सेवामा मूर्तिहरू समावेश गरेका छन्। विभिन्न इसाई बिरहरूका मूर्तिहरूलाई "श्रद्धा"को रूपमा रोमन क्याथोलिक वा अरू चर्चहरूमा राखेका छन्। यो दोस्रो आज्ञाको बिरुद्धमा छ। यसले पवित्र आत्मा होइन ती इसाईहरूले मानिसहरूको दिमागमा अनन्तको बारेमा बढि प्रभाव पार्छन् भनेर पवित्र आत्माको शक्तिलाई सिमित गराएको हुन्छ। अनि महामहिम परमेश्वरलाई तल्लो स्तरमा झारेर मूर्तिमा मानिसहरूका आँखाहरू लगाउन र पूजा गर्न उक्साउँछन्। चर्चमा ती मूर्तिहरू चौथो शताब्दीमा भित्राएका थिए। त्यसबेला रोम तथा अरू पाश्चत्य देशहरूमा मूर्तिपूजाको बिगिबिगि थियो। चर्चमा पनि मूर्ति राखियो भने अरू मूर्तिपूजा गर्नेहरू खुशी हुनेछन् भन्ने हेतुले ती मूर्तिहरू राख्न थालेका थिए। दुर्भाग्यवस, परमेश्वरले पाउनुपर्ने आराधना ती मूर्तिहरूले पाउन थालेका थिए। तिनीहरू पवित्र छन् र तिनीहरूको अगाडि निहुरनुपर्छ भनेर त्यसबेलाका चर्चका अगुवाहरूले मानिसहरूलाई सिकाएका थिए। यसले गर्दा सही, सत्य अध्यात्मिक स्तरलाई तल्लो स्तरमा झारिएको थियो र छ पनि।

**उपसंहार**

**थप जानकारी:** " प्रकाश १४ मा उल्लेख गरिएको बेबिलोनको पतनको बारेमा गरिएको घोषणाको सन्देश धार्मिक संरचनालाई सम्बोधन गर्ने पर्छ। त्यो संरचना एक फेर शुद्ध र केवल बाइबलसम्मतमात्र थियो। पछि गएर चर्चमै बाहिरको धर्महरूको तत्व मिसाउँदा त्यो संरचना अशुद्ध, भ्रष्ट र विखाधी पनि हुन गएको थियो। इन्साफको चेतावनि पछि यो सन्देश दिएकोले पृथ्वीको अन्तमा रहनेहरूलाई यो सन्देश सुनाउनैपर्छ। यो केवल रोमन क्याथोलिक चर्चलाईमात्र सम्बोधन गर्न मिल्दैन। त्यो चर्च त शताब्दीयौँ पहिले देखि नै पतित भइसकेको थियो।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ३८३।

राजा नेबुकद्नेजारले सुनको मूर्ति स्थापना गरेर सबैले त्यसको पूजा गर्नुभन्दा तीन यहूदीहरूले नमान्दा तिनीहरूलाई आगोमा भुट्न लगाएको थियो (दानिएल ३) त्यो पौराणिक बेबिलोनको सत्य कथामात्र होइन पतित आध्यात्मिक बेबिलोनको चिन्ह, प्रतिक वा नमूना हो। युगको अन्तमा त्यस आध्यात्मिक बेबिलोनले देश देशका सरकारहरूसँग मिलेर झुटो प्रतिमालाई पूजा गर्न अध्यादेश जारी गर्नेछ (हेर्नुहोस् प्रकाश १३:१५; प्रकाश १४:९,११; प्रकाश १६:२; प्रकाश १९:२०, प्रकाश २०:४)। यो रोचक छ कि जुन तत्वले ती तीन हिब्रूहरूलाई दोस्रो आज्ञालाई (प्रस्थान २०:४) उलङ्घन गर्न जबरजस्ती गरेको थियो, पछि गएर दोस्रो आज्ञामात्र होइन अर्को आज्ञा वा समय र व्यवस्थालाई पनि (दानिएल ७:२५) कुल्चिन प्रयास गरिनेछ र कुल्चिने नै छ भनेर देखाइएको छ।

मूर्तिपूजा नगर्नुभन्ने दोस्रो आज्ञालाई कुल्चनु बाहेक अर्को कुन् आज्ञा हो जुन् पतित बेबिलोनले कुल्चिनेछ वा कुल्चिरहेको छ? त्यो हो चौथो आज्ञा। अन्तको समयमा यो आज्ञालाई मान्नु र नमान्नु पनि निर्णायक हुनेछ किनकि यसले स्वर्ग, पृथ्वी, समुद्र र त्यहाँ भएका यावत थोकहरू सृष्टि गर्नुहुने र सातौँ दिनमा विश्राम गर्ने परमेश्वरको आराधना गर्ने हो कि (प्रस्थान २०:११, प्रकाश १४:७) पतित इसाई चर्च या पशु र त्यसको प्रतिमा जसले मूर्तिपूजा र आइतबारलाई पालन गर्ने शिक्षालाई लाडेकोलाई पूजा गर्ने।

**चिन्तनमनन:**

अ. आधुनिक पति आध्यात्मिक बेबिलोनसँग बेबेलको धरहराको के सम्बन्ध छ? ती दुईको बीचमा के समानता छ?

आ. बाझिएको धारणासँग तपाईंले कसरी तालमेल गर्ने? येशूले चर्चलाई अधिकार दिनुभएको छ। तर चर्चको आत्मिक अगुवाको हातमा धार्मिक अनुभव सुम्पनु खतरामूलक छ। चर्चको अधिकारमा के सिमित छ?

इ. पौराणिक र आधुनिक पतित बेबिलोनका पापहरू केवल मूर्ति वा प्रतिमाहरूलाईमात्र ढोग्नुहोइन भनेर हामीले कसरी सिक्ने? प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरू पनि त्यही मूर्तिपूजाको धरापमा कसरी पर्न सक्छन् वा परिरहेका छन्?

ई. दानिएल ३ र जबरजस्ति पूजा गर्न लगाउने धर्मको बीचमा के समानता छ? अन्तिम दिनहरूमा हामीले त्यसबारे कस्तो चेतावनी पाएका छौं?

कथा ९

## रेडियो भएको कैदी साथी

### आना, पोर्चुगाल



पोर्चुगालको झ्यालखानमा बन्दी जीवन बिताइरहेका शिक्षित वैज्ञानिक पावलोलाई कसैले सानो रेडियो दिएको थियो। आफ्नो मनलाई ठिक राख्न उनको निम्ति केवल रेडियोमात्र साथी थियो। त्यस रेडियोमा विभिन्न कार्यक्रमहरू उनले सुन्न खोजे, तर केवल सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको कार्यक्रममात्रै उनले सुन्न सकेका थिए। पावलो झ्यालको एक कुनामा बसेर रेडियो सुन्नु परेको थियो। उनले एडभेन्टिस्ट कार्यक्रमहरू सुन्न थाले। एक दिन रेडियोमा कसैले एलेन ह्वाइटको द *ग्रेट कन्त्रोभर्सी* सित्तैंमा पाइने सूचना दियो। त्यो पुस्तक पाउन उनले अनुरोध गऱ्यो र हुलाकबाट त्यो पुस्तक उनले पाए। केही समयपछि उनलाई अर्कै झ्यालखानामा सारियो, त्यहाँ उनी जान मन पराएका थिएनन्। तर नयाँ झ्यालखाना एडभेन्टिस्ट रेडियो स्टेशनको नजिक थियो। त्यहाँ रेडियो कार्यक्रम झन राम्रोसँग सुन्न सकेको थियो। पावलोले रेडियो स्टेशनको निर्देशकलाई लामो पत्र लेखे। आफू झ्यालखानमा किन थियो भनेर उनले लेखे। आफूले रेडियो कार्यक्रम कसरी सुन्न थाले त्यो पनि उनले लेखे। "जब म रेडियो कार्यक्रम दिनदिनै सुन्छु तब मेरो जीवन परिवर्तन भएको छ," उनले लेखे। झ्यालखानाबाट रेडियो सुन्न सकेको थाहा पाएर रेडियो स्टेशनको निर्देशक छक्क परे। उनी झ्यालखानाको नजिक रहन्थे र झ्यालखानामा रेडियो सुन्न सकिन्छ भन्ने कुरो उनालाई कहिल्यै पनि थाहा भएको थिएन। जब कोभिड १९ सुरु भयो रेडियो स्टेशनले साबथमा आराधना कार्यक्रमहरू पनि प्रसारण गर्न थाले। पावलोले प्रवचनहरू सुन्न थाले। एउटा प्रवचनमा प्रचारकले बाइबल अध्ययन गर्न साइन गर्न निम्तो दिए। पावलोले पत्रमार्फत बाइबल अध्ययन गर्न थाले। चर्चकी एक स्वयंसेविका आनाले उनलाई पाठहरू पठाउँथिन्। आफू वैज्ञानिक भएकोले उनले धेरै कौतुहल प्रश्नहरू गर्थे। जब उनले बाइबल अध्ययन सक्यो  तब उनी बप्तिस्माको निम्ति अनुरोध गरे। तर कोभिड र झ्यालखानाको नियमहरूले गर्दा त्यो अनुरोधलाई स्वीकारिएको थिएन। अनि आनासँग प्रकाशको पुस्तक पढ्न थाले। तिनीहरूले एलने ह्वाइटका लेखहरू पनि बाइबलसँग तुलना गरेर पढ्न थाले। बाइबल अध्ययन गर्नैं क्रममा आनाले पावलो आफै स्वतन्त्ररूपमा बाइबल पढोस् भन्ने चाहेकी थिइन्। धेरै बन्दीहरूलाई बाइबल सिकाउन पावलोले आनालाई अनुरोध गरे।

तिनीहरूलाई सिकाउन आना राजी भएकी थिइन् तर पावलो पनि बाइबल सिकाओस् भन्ने उनको चाहना थियो। त्यसकारण, बन्दीहरूलाई बाइबल सिकाउन पावलोलाई आनाले उत्साह दिइन्, "हामी जान नसक्ने ठाउँमा पावलोले बाइबल सिकाओस् र उनी नै बाइबलको औजार भएको म चाहन्छु," आनाले भन्छिन्। पोर्च्युगालको झ्यालखानामा एडभेन्टिस्टहरू गएर सिकाउन गाऱ्हो थियो। आफूलाई येशूको बारेमा सिकाउन धेरै थाहा नभएको तर सिकाउन सक्षम् नभएको पावलले सोचेका थिए। आफू पनि झ्यालखानामा नै रहेकोले आफूसँग बाइबल सिकाउने नैतिकता के छ र भन्ने उनले महसुस गरेका थिए। तर आनाले उनलाई उत्साह दिँदै गरिन् र उनमा बाइबल सिकाउनु सक्ने हौशला जाग्न थाल्यो। उनले एक जना बन्दीसँग बाइबल अध्ययन गर्न थाले। अहिले दुई वा तीन जना नियमितरूपमा बन्दीहरूसँग येशूको बारेमा सुनाउँछन्। उनको मनोवैज्ञानिक डाक्टरसँग पनि येशूको बारेमा सुनाउन थाले। उक्त मनोवैज्ञानिक नास्तिक थिए। पावलोले मनोवैज्ञानिकलाई येशूको बारेमा सुनाए। उनले पावलोको विश्वासहरूको बारेमा प्रश्न गरे। "तिमी वैज्ञानिक भएर विज्ञानले प्रमाण गर्न नसकेको कुरालाई कसरी विश्वास गर्छौं? तिमीले विश्वास गरेको सबै कुरा दन्त्यकथा हो," मनोवैज्ञानिकले पावलोलाई सुनाए।

मनोवैज्ञानिकले पावलोलाई उपचार गर्न आएका थिए। अब तिनीहरूको आदानप्रदान विश्वासको बारेमा हुन थालेको थियो। पवित्र आत्माले आफूलाई अगुवाइ गरिरहेको पावलोले महसुस गरिरहेको छ। आफूले नपढेको र भन्न नजानेको कुरो उनको मुखबाट निस्कन्छ भनेर उनले बताउँछन्। एक दिन मनोवैज्ञानिकलाई *द ग्रेट कन्ट्रोभर्सी* पढ्न चुनौती दिए। उनले हुन्छ भने र उक्त पुस्तक पाएर उनी पढिरहेका छन्। पावलोले आनालाई आफ्नो कैदी जीवन सजिलो नभएको र खानामा परिवर्तन गर्न चाहेको भने लेखे। उनी बप्तिस्मा पनि लिन चाहेको उनले बताए। झ्यालखानाको विभिन्न नियमहरूले गर्दा उनको अनुरोध स्वीकार गरेको छैन। तर आफू झ्यालखानामा हुन पाएकोले आभारित भएको छ। "मलाई येशू चाहिन्छ भन्ने अनुभव मैले झ्यालखानाबाट पाएँ। पछाडि फर्केर हेर्दा सबै थोक परमेश्वरले नै अगुवाइ गर्नुभएको मैले महसुस गरेको छु। उहाँले नै मलाई परिवर्तन गर्नुभएको छ," उनले बताउँछन्। पावलोले खराब निर्णयहरू गरेकोले उनी झ्यालखानामा रहेको आनाले भन्छिन्। पावलो निर्दोष त होइन। "तैपनि हामी जान नसकेको ठाउँमा पावलो औजार भएका छन्। उनी झ्यालखानामा मिशिनेरी भएका छन्। तर आफू मिशिनेरी भएको उनले अझै थाहा पाएको छैन," आनाले सुनाइन्।

***-आन्ड्र्यु मेकचेस्ने***